

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

**चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।**

**सम्पर्कः प्रगति ट्रेड कर्न्सन**

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रू. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २३ गते बिहीबार ❑ 6 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## लोक गीत संरक्षणको दायित्व सरकारको हो : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**

पोखरा, २२ चैत

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले लोक गीतको संरक्षणको दायित्व नेपाल सरकारको भएको बताउनुभएको छ ।



गण्डकी प्रज्ञा प्रतिष्ठानको स्थापना दिवसको अवसरमा उहाँले प्राकृतिक सम्पदा र लोक गीत तथा संस्कृतिमा नेपाल धनी भएको भन्दै यसको संरक्षण सरकारले ध्यान दिनुपर्ने बताउनुभयो । दिवसको अवसरमा प्रतिष्ठानले २५ बालबालिकालाई दुई महिने साराङ्गीवादक प्रशिक्षण दिने भएको छ । परम्परागत लोक संस्कृतिको संरक्षण गर्ने उद्देश्यले बालबालिकालाई त्यस्तो प्रशिक्षण दिन लागिएको हो ।

प्रशिक्षणमा गन्धर्व समुदायका १५ जनासहित २५ बालबालिकाले सहभागिता जनाएका छन् । झलकमान गन्धर्व पाठशालाको सहकार्यमा प्रतिष्ठानले बिहीबारबाट प्रशिक्षण सुरु गर्न लागेको हो ।

सो अवसरमा प्रशिक्षार्थीले साराङ्गीको धुन प्रस्तुत गरेका थिए । प्राज्ञ दिलीप गायकले बालबालिकालाई प्रशिक्षण दिनुहुनेछ । पाठशालाका लागि प्रतिष्ठानका तर्फबाट १० वटा सारङ्गी सहयोग गरिएको थियो । सो अवसरमा मुख्यमन्त्री अधिकारीले गण्डकी नाट्य दर्पणको विमोचनसमेत गर्नुभयो । जसमा गण्डकी प्रदेशका ११ वटै जिल्लाको नाटकसम्बन्धी आधुनिक इतिहास र जानकारी समेटिएको सम्पादक शिव संकल्पले जानकारी दिनुभयो ।

गण्डकी प्रदेशकै स्रष्टा बायोग्राफी पनि कार्यक्रममा मुख्यमन्त्री अधिकारीले सार्वजनिकीकरण गर्नुभयो । यसमा पहिलो चरणमा गण्डकी प्रदेशका विभिन्न २८ स्रष्टाको व्यक्तित्व र कृतित्वलाई श्रव्यदृष्यका माध्यमबाट समेटिएको छ । सोही अवसरमा स्रष्टाहरुको स्वास्थ्य बीमा कार्यक्रम पनि आरम्भ गरियो । पहिलो चरणको बीमा कार्यक्रममा दुई सय स्रष्टा यसमा समेटिएका छन् । बीमाका लागि पाँच सय स्रष्टाको निवेदन प्राप्त भएको प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

## छोटो समयमा परिणाममुखी काम भएको छ : मन्त्री गाहामगर

**पोखरापत्र संवाददाता**

पोखरा, २२ चैत

गण्डकी प्रदेशका आन्तरिक मामिला, कानुन मन्त्री तथा सरकारका प्रवक्ता रोशन गाहामगरले छोटो समयका लागि आफू मन्त्री बनेको भए पनि परिणाम राम्रो आएको दावी गरेका छन् ।

आदिवासी जनजाति पत्रकार महासंघ फोनिज गण्डकीले मुस्ताङको जोमसोममा मंगलबार आयोजना गरेको पत्रकार क्षमता अभिवृद्धि कार्यक्रममा प्रवक्ता गाहामगरले आफ्नो कार्यक्रम छोटो समयका लागि भए पनि सफल भएको दावी गरेका हुन् । मन्त्री गाहामगरले आफू पछि आउने नयाँ मन्त्रीले पनि यसरी नै द्रुत गतिमा प्रदेशका लागि काम गर्ने आशा व्यक्त गरे । 'परिणाम आउने कामहरु अहिले भइरहेका छन्, आगामी आउने मन्त्रीले पनि यसरी परिणाम आउने काम गर्नुहुनेछ भन्ने आशा छ,' उनले भने । मुस्ताङ र नवलपुर जिल्ला गण्डकी प्रदेशको महत्वपूर्ण जिल्ला भएको बताउँदै उनले यी २ जिल्लालाई जोडेर पर्यटनको माध्यमबाट आयआर्जन गर्न सकिने उनको भनाई थियो । विकास र समृद्धिका लागि यी दुई जिल्लाका लागि विनियोजन भएको बजेट कार्यान्वयन गर्ने प्रक्रिया जारी रहेको समेत मन्त्रीा गाहामगरले कार्यक्रममा जानकारी दिएका छन् ।

आर्थिक मामिला तथा कानुन मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले पत्रकारिता क्षेत्र र पत्रकार सरकार तथा आम नागरिकको मध्यस्तकर्ता भएको बताएका छन् । पत्रकारले निष्पक्ष भएर पत्रकारिताको भूमिका निर्वाह गर्नुपर्नेमा उनको जोड थियो । साथै पत्रकारले सत्यतथ्य सुचनालाई आम नागरिक समक्ष प्रवाह गर्नुपर्ने उनको भनाई थियो । कार्यक्रममा मन्त्रालयका सचिव अधिकारीले मुस्ताङको र यहाँको पर्यटन क्षेत्रको विकास र समृद्धिका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सम्पूर्ण पत्रकारलाई आग्रह गरेका छन् । कार्यक्रममा पत्रकार महासंघ मुस्ताङका अध्यक्ष सुन्दरकुमार थकालीले जिल्लामा अन्य सुलभ जिल्लाभन्दा मुस्ताङमा पत्रकारिता पेसा निकै चुनौतीपूर्ण भएको बताएका छन् । मुस्ताङका धेरै पत्रकार व्यवसायिक तथा पेसामा आवद्ध भएकाले निरन्तर पत्रकारिता मात्रै गर्नेहरु थारै भएको उनको भनाई थियो । पुराना पत्रकार धेरै व्यवसायिक रुपमा अगाडि बढेको र नयाँलाई यो पेसामा आकर्षित गर्न नसक्नु अहिलेको आफूहरुको मुख्य चुनौती भएको अध्यक्ष थकालीको भनाई छ ।

कुनै विषयमा पत्रकारिताको धर्म अनुसार कलम चलाए पनि उनीहरुलाई नै विभिन्न समस्या आउने गरेको उनले कार्यक्रममा बताएका छन् । फोनिज गण्डकी प्रदेशका अध्यक्ष रुद्र श्रीष मगरको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङ, फोनिज गण्डकी प्रदेशका इन्चार्ज एमबी आस्था मगरले फोनिजले मुस्ताङमा कार्यक्रम गरेर नयाँ सुरुवात गरेको बताएका थिए । कार्यक्रममा संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशका अध्यक्ष भरत कोइरालाले पत्रकारिताको सम्बन्धमा सहजीकरण गरेका थिए ।

## किसानको वर्गीकरण गर्दै पोखरा महानगर

**पोखरापत्र संवाददाता**

पोखरा, २२ चैत

पोखरा महानगरपालिकाले किसानको वर्गीकरण गरी परिचयपत्र वितरण सुरु गरेको छ । कृषिका योजना तथा कार्यक्रमलाई व्यवस्थित गर्न किसानको वर्गीकरण गरिएको हो ।

उद्यमी, व्यावसायिक, व्यवसायउन्मुख, जीविकोपार्जन र सामान्य गरी पाँच किसिमबाट किसानको अवस्था वर्गीकरण गरी परिचयपत्र दिन सुरु गरिएको हो । महानगरको कृषि तथा आर्थिक विकास महाशाखाका प्रमुख मनोहर कडरियाले सबै वडामा किसान सूचीकरण र वर्गीकरणको काम भइरहेको जानकारी दिनुभयो । उहाँले वडा नं २५ हेम्जाका किसानको सूचीकरण भइसकेको बताउनुभयो । "आलु महोत्सवको अवसरमा यसै हप्ता हेम्जाका किसानलाई परिचयपत्र वितरण गर्दैछौँ", महाशाखा प्रमुख कडरियाले भन्नुभयो, "किसान वर्गीकरण र परिचयपत्र वितरण कार्यक्रम अब निरन्तर चल्छ ।"

हेम्जाका एक हजार ८० ९ किसान सूचीकृत भएका छन् । किसानको वर्गीकरणका लागि महानगरले चालु आर्थिक वर्षमा रु तीन लाख बजेट छुट्याएको छ । सो कामलाई छिटो सक्न महानगरले थप गणक पनि माग गरेको छ । महाशाखा प्रमुख कडरियाले सूचीकरण परेका किसानले मात्र महानगरबाट अनुदान र सहायता पाउने बताउनुभयो । "परिचयपत्रले किसानलाई पहिचान दिन्छ, राज्यका निकायबाट सेवासुविधा पाउने आधार पनि परिचयपत्र हो", उहाँले भन्नुभयो, "यसले वास्तविक किसान लाभान्वित हुन्छन्, अनुदान वितरणमा देखिने गरेको वेथिति पनि अन्त्य हुन्छ ।"

वर्गीकरणका आधारमा किसानले राज्यलाई तिर्नुपर्ने करलगायतका दायित्व र पाउने सेवासुविधा निर्धारण हुनेछ । महानगरको कृषि प्रणालीमा सूचीकृत भएपछि योजना तथा कार्यक्रमका लागि हरेक पटक कागजात बुझाउनुपर्नेलगायत झन्झटबाट किसानले मुक्ति पाउने छन् । व्यावसायिक कृषितर्फ प्रेरित गर्न महानगरले गत वर्ष पनि एक सय ८० सुन्तला किसानलाई परिचयपत्र वितरण गरेको थियो । कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले सङ्घीय कानुन स्पष्ट नहुँदा किसानको वर्गीकरणमा देशैभर अन्यौलता देखिएको बताउनुभयो । "ऐन, कानुन फेरबदल भइरहने, बाझिने जस्ता कारणले पनि किसान सूचीकरण र वर्गीकरणको काम प्रभावकारी हुन सकेको छैन", उहाँले भन्नुभयो, "केही स्थानीय तहले आफ्नै पहल र स्रोतसाधनबाट वर्गीकरणको काम गरिरहनुभएको छ, नत्र धेरै ठाउँमा यो अभियान निष्कृय छ ।" गण्डकी प्रदेश सरकारले पनि कृषिको व्यावसायीकरण र वास्तविक किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले तीन वर्षअघि नै किसान वर्गीकरणको योजना ल्याएको थियो । तर अहिलेसम्म सो कामले गति लिन सकेको छैन । भूमि नभएका श्रमजीवी किसान, साना किसान, मध्यम किसान, ठूला किसान र उद्यमी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## महिला ओलम्पिक छनोटमा नेपाल पराजित

**रासस**

काठमाडौं, २२ चैत

फ्रान्सको पेरिसमा आयोजना हुने महिला ओलम्पिक फुटबल २०२४ को एसिया छनोटअन्तर्गत पहिलो चरणको खेलमा नेपाल भियतनामसँग पराजित भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको पहिलो खेलमा भियतनामले नेपाललाई ५-१ गोलअन्तरले पराजित गरेको हो । भियतनामको जितमा कप्तान हुन्ह न्हुले दुई गोल गरिन् भने फाम हाइ यन, एनगुएन थि बीच थुए र एनगुएन थि नाले एक एक गोल गरे । नेपालका लागि सावित्रा भण्डारीले एक गोल फर्काइन् । खेलको ११औँ मिनेटमा फाम हाइ यनले गोल गर्दै भियतनामलाई सुरुआती अग्रता दिलाइन् । उनले एनगुएन थिबीच थुएको क्रसमा सहजै गोल गरिन् । त्यस्तै खेलको ३६औँ मिनेटमा भियतनामकी कप्तान हुन्ह न्हुले पेनाल्टीमार्फत गोल गर्दै आफनो टोलीको अग्रता दोब्बर बनाइन् । कप्तान न्हुकै प्रहारमा नेपालकी समीक्षा घिमिरेले ह्यान्डबल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## लामिछानेको मुद्दामा कारण देखाउ आदेश

**पोखरापत्र संवाददाता**

पोखरा, २२ चैत

सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्ध नागरिकता दुरुपयोगको मुद्दा नचलाउने महान्यायाधिवक्ताको निर्णयविरुद्ध दायर भएको रिट निवेदनमा कारण देखाउ आदेश गरेको छ ।

न्यायायाधीश हरि फुँयालको एकल इजलासले आज लामिछानेविरुद्ध मुद्दा नचलाउने निर्णयबारेविपक्षीमहान्यायाधिवक्ताको कार्यालयसहितसँग लिखित जवाफ माग गरेको गरेको हो । रास्वपाका सभापति लामिछानेको राहदानी दुरुपयोगसम्बन्धी मुद्दा नचल्ने भनी महान्यायाधिवक्ता डा दीनमणि पोखरेलले गरेको निर्णय बदर गर्नुपर्ने माग गर्दै अधिवक्ता युवराज पौडेल 'सफल' ले लामिछानेविरुद्ध सोमबार रिट निवेदन दायर गर्नुभएको थियो । रिट निवेदनमा राहदानी दुरुपयोगमा सजाय हुनुपर्नेमा उन्मुक्ति दिएको उल्लेख गर्दै उक्त निर्णय बदर गर्न माग गरिएको थियो । यसअघि नै लामिछानेले प्रक्रियागतरूपमा नेपाली नागरिकता नलिएको उल्लेख गर्दै लामिछाने नेपाली नागरिक नभएको फैसला सुनाएको थियो । उक्त फैसलासँगै लामिछानेको सांसद र मन्त्री पद गुमेको थियो । अहिले जिल्ला प्रशासन कार्यालयबाट प्रक्रिया पूरा गरी लामिछानेले नेपाली नागरिकता भने लिइसक्नुभएको छ । महान्यायाधिवक्ता डा पोखरेलले लामिछानेमाथि राहदानी दुरुपयोगमा मुद्दा नचलाउने निर्णय यही चैत ६ गते गर्नुभएको थियो । जिल्ला सरकारी वकिलको कार्यालय हुँदै उच्च सरकारी वकिलको कार्यालयबाट आएको प्रतिवेदन र महान्यायाधिवक्ता कार्यालयको टिप्पणीको आधारमा महान्यायाधिवक्ताले मुद्दा नचलाउने निर्णय गर्नुभएको बताइएको थियो । उक्त निर्णय बदर गर्न माग गर्दै रिट निवेदन परेको थियो ।


**गार्मी यामा,**

◆ झाडापखला, वान्ता आउँ, जण्डिस, टाईफाइडलगायत रोगको जोखिम बढी हुन्छ ।

◆ लामखुट्टे, झिँगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्राणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. –५२०६५१

# फेवा महोत्सवको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

होटल संघ पोखरा नेपालको आयोजनामा पोखराको लेकसाइडमा यही चैत २९ गतेबाट सुरु हुने तीन दिने १८ औं फेवा नब वर्ष महोत्सको तयारी अन्तिम चरणमा पुगेको छ।

नयाँ वर्षको अवसरमा पोखराको लेकसाइड स्थित फिस्टेल गेटदेखि हल्लन चोकसम्मको सडकमा यो महोत्सव हुन लागेको हो । उद्घाटनका दिन खहरे चोकबाट सांस्कृतिक झाँकी र र्‍याली सुरु भई अम्मटमा पुगेर उद्घाटन सभामा परिणत हुने संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले पत्रकार सम्मेलनमा जानकारी दिए । लाइभ संगीत, ख्याती प्राप्त कलाकारको गायन प्रस्तुती, सांस्कृतिक झाँकी र खानाका परिकार महोत्सवमा रहने उनले बताए। महोत्सवलाई लक्षित गरी प्रकाशित दररेटमा २० प्रतिशत छुट संघ अन्तर्गतका होटलहरुले प्रदान गर्ने संघले जनाएको छ । याक ब्रुअरीको बाह्रसिंगे वियर महोत्सवको मुख्य प्रायोजक रहेको छ । थला परेको पर्यटन



क्षेत्रलाई पुनरुत्थान गर्दै आन्तरिक र वाह्य पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्धेश्यका साथ पर्यटन, संस्कृति र खानालाई जोड दिएर महोत्सव हुन लागेको हो।

नेपाली नयाँ वर्षलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत प्रचारप्रसार गरी हर्ष, उल्लासका साथ मनाउँदै गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले संचालन हुने महोत्सवले गण्डकी प्रदेशको जातीय भेषभुषा, रहनसहन, खानपान, साँस्कृतिक पक्षहरुको उजागर र प्राकृतिक सम्पदाहरुको प्रर्वद्धन गर्ने विश्वास संघले लिएको छ। पछिल्लो क्रममा पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटना र पृथ्वीराजमार्गको अव्यवस्थित तथा सुस्त गतिको स्तरोन्नतीले यस क्षेत्रको पर्यटन आगमनदरमा प्रत्यक्ष मार परेको अध्यक्ष सुवेदीले बताए । बाटो स्तरोन्नती हुनु राम्रो भए पनि काम सुस्त गतिमा हुँदा असर परेको उनले सुनाए। सडक मार्ग हुँदै मोटरसाइकलमा मुक्तिनाथ पुग्ने पर्यटकको संख्या पनि घट्न पुगेको उनले जानकारी दिए । सहज र सुरक्षित वातावरणमा मात्र पर्यटक घुम्न जाने विषय उनले उल्लेख गरे । बैंक तथा वित्तीय संस्थाका तर्फबाट एकतर्फी रुपमा बढाइएको ब्याजदरका कारण होटल क्षेत्र अहिले उकुसमुकुसको अवस्थाबाट गुज्रनु परेको संघले जनाएको छ । पर्यटन क्षेत्र समस्यामा परे पनि आफूहरु धैर्यताका साथ आसावादी भएर बसेको अध्यक्ष सुवेदीले सुनाए । व्यवसायीले कोभिड अघि कमाएको पैसा र केही सुन तथा जग्गाको सहयोगमा विचमा बैंकको ऋण तिरिए पनि अहिले बैंकको साँवा र व्याज तिर्न सक्ने अवस्थामा व्यवसायी नभएको उनले बताए। नेपाल राष्ट्र बैंकले पुनर्कर्जा, पुनर्तालिकिकरण र राहातका कार्यक्रम ल्याउनुपर्ने माग उनले गरे। व्यवसायी बचाउने कार्यक्रम ल्याए मात्र पर्यटन बाँच्ने धारणा उनले राखे । नीति मार्फत् राष्ट्र बैंकले पर्यटनमा बैंक तथा वित्तीय संस्थाले १० देखि १५ प्रतिशत लगानी गर्नै पर्ने वाध्येकारी नीति ल्याउनु पर्ने सुझाव उनले दिए। अर्कोतर्फ अहिलेको पर्यटकीय सिजनको ८० देखि ९० प्रतिशत वरपर अकुपेन्सी हुनुपर्ने त्यस्तो अकुपेन्सी २० देखि २५ प्रतिशत मात्र भएको सुवेदीले बताए । होटल टिक्न पनि ५० प्रतिशत अकुपेन्सी चाहिने उनले बताए।

संघका महासचिव एवं महोत्सवका प्रचार संयोजक राजेन्द्र ढकालले कार्यक्रमको संचालन गरेका थिए। सो अवसरमा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, महोत्सवका सहसंयोजकद्वय दीपक श्रेष्ठ र गणेशराज पहारीको पनि उपस्थिति थियो।

# फोनिज मुस्ताङको अध्यक्षमा सुन्दरकुमार थकाली

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मुस्ताङ शाखाको अध्यक्षमा सुन्दरकुमार थकाली निर्वाचित भएका छन्।

मंगलबार भएको प्रथम जिल्ला अधिवेसनले थकालीको अध्यक्षतामा १० सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । संघको उपाध्यक्षमा शुशिल थकाली, सचिवमा निरज थकाली, सहसचिवमा सोजन हिराचन र कोषाध्यक्षमा तृस्ना गौचन सर्वसम्मत चयन भएका छन्। यसैगरी सदस्यहरुमा रुपिका




थकाली, यमुना लामा, रिक्साङ गरुङ, समिर थापा र कर्साङ गुरुङ चयन भए। उनीहरुलाई मंगलबार नै गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री रोशन गाहामगरको उपस्थितीमा पदस्थापन गरिएको छ । नवनिर्वाचित अध्यक्ष थकालीले आदिवासी जनजातिको पक्षमा कलम चलाउने प्रतिवद्धता जनाए । मुस्ताङमा आदिवासी जनजातिको बाहुल्यता रहेकाले यससँग सम्बन्धीत संघसंस्थासँग सहकार्य गरेर अघि बढ्ने बताए।

# नेपाल कपमा घरेलु टिम पोखरा र कर्णाली एकेडेमीको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

बलियो नेपाल कप १९ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू-१९) टि-२० क्रिकेट प्रतियोगिता अर्न्तगत बुधबारको खेलमा घरेलु टीम पोखरा क्रिकेट एकेडेमी र कर्णाली क्रिकेट एकेडेमीले विजयी सुरुवात गरेका छन्।

पोखरा रंगशालमा बुधबारबाट भएका दुई खेल मध्य पहिलो खेलमा कर्णालीले पल्सर सि.सि.१० रनले र अर्को खेलमा घरेलु मैदानको फाइदा उठाउदै पोखराले जनकपुर क्रिकेट क्लव माथि ६ विकेटले जित दर्ता गरेको हो। पहिला व्याटिङमा उत्रिएको कर्णालीले निर्धारित २० ओभर खेल्दै ४ विकेटको क्षेतिमा १३४ रनको योगफल तयार पार्‍यो । १ सय ३५ रनको लक्ष्य पच्छाएको पलसर सिइसीले १९.५ ओभरमा सबै १० विकेट गुमाउँदै १२४ रनमै सिमित भयो । कर्णालीको जितमा विराट भण्डारीले ५९, खेमराज खड्काले ४९ रन जोडे । खेलमा विराट भण्डारी म्यान अफ दि म्याच घोषित भए। त्यसै गरी बुधबारको दोश्रो खेलमा जनकपुरले २० ओभरमा अलआउट हुदै १ सय १ रनको योगफल तयार पार्‍यो । १ सय २ रनको लक्ष्य पाएको पोखराले भने १७ ओभरमा ४ विकेटको क्षेतीमा १ सय ६ रनको योगफल तयार पारेको हो । पोखराको जितमा प्रदिप अर्यालले ३ विकेट लिए। म्यान अफ दि म्याच घोषित भएका पोखराका सिव्रिन श्रेष्ठले २७ रनको योगदान दिए। यसैबिच उक्त प्रतियोगिताको उद्धघाटन गर्दै पोखरा महानगरका मेयर धनराजआचायलेपोखरामाक्रिकेट खेलको विकासमा महानगरले सहकार्य गर्न तयार रहेको बताए। पोखराको खेल पर्यटन प्रबर्द्धन गर्न र बलियो नेपालले सन २०३९ सालमा विश्व कपमा नेपालले उपाधि जित्ने राखेको उक्त लक्ष्यलाई पुरा गर्न अहिले देखि यस्ता प्रतियागिता निरन्तर हुनु पर्ने बताए। नेपाली क्रिकेट टिमका पूर्व कप्तान पारस खड्काले पोखरामा क्रिकेट खेलको धेरै सम्भावना रहेको दाबी गरे । खेल पूर्वाधार निर्माणमा खेल संघ र सरकारको ध्यान जानुपर्नेमा उनको जोड थियो।

६ टिमको सहभागिता रहेको प्रतियोगिताको विजेताले ५० हजार रुपैयाँ र उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। यसै गरी म्यान अफ दि म्याचका खेलाडीलाई जनही नगद २ हजार ५ सय प्रदान गरिने भएको बलियो नेपालका निर्देशक उत्सव ढुंगनाले बताए। पोखरामा यस्ता प्रतियोगिता हुनुले खेलाडी तथा खेलकुदको विकास हुने कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष संजयकान्त सिग्देलले बताए । २७ गतेसम्म संचालन हुने प्रतियोगिता अर्न्तगत भोलि विहिबार पनि दुई खेल हुने भएका छन्।

# राजनीतिशास्त्र विभागमा उत्कृष्ट नतिजा ल्याउने ३ जनालाई छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

पृथ्वीनारायण क्याम्पस पोखराकोस्तानतकोत्तरकार्यक्रममा राजनीतिशास्त्र अध्ययन गरि उत्कृष्ठ नतिजा हासिल गरेका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ।

शेर बहादुर-पुर्ण कुमारी-गणेश बहादुर गुरुङ अक्षयकोषले २० औँ साधारणसभाको अवसरमा मंगलबार३वटासेमेष्टरमाउत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेको हो। सरिता अधिकारीले पहिलो, सुधिर शर्मा पराजुलीले दोश्रो र तेश्रो तथा सञ्जिव बाबु पौडेलले तेश्रो सेमेष्टर (२०७७) मा उत्कृष्ट नतिजा ल्याएको र



उनिहरुलाई कार्यक्रममा प्रमुख अतिथि क्याम्पस प्रमुख प्रा.डा. सरोज कोइराला, विभागका प्रमुख प्रा. ठान बहादुर क्षेत्री, पुर्व क्याम्पस प्रमुख गणेश गुरुङका छोरा तथा अक्षयकोषका प्रमुख संरक्षक समिर गुरुङ लगायतले नगद तथा प्रमाणपत्र प्रदान गर्नुभयो । कार्यक्रममा अक्षयकोषका अध्यक्ष तथा पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभागका प्रमुख प्रा. ठान बहादुर क्षेत्री, क्याम्पसका सहायक क्यापस प्रमुख लाल बहादुर कुँवर, प्रा.डा. उमानाथ बराल, पुर्व क्याम्पस प्रमुख गणेश गुरुङकी बहिनि लक्ष्मी गुरुङ र छात्रवृत्ती पाउनुभएका विद्यार्थीहरुले बोल्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि पृथ्वीनारायण क्याम्पसका प्रमुख प्रा. डा. सरोज कोईरालाले लिखित रुपमा दिएको शुभकामना सन्देश कार्यक्रम सञ्चालक सहप्राध्यापक भिमनाथ बरालले प्रस्तुत गर्नुभयो । कार्यक्रममा डा. चन्द्र बहादुर गुरुङले नेपाल र ब्रिटेनको सम्बन्धको इतिहास र पछिल्लो आयामका बारेमा प्रवचन दिनुभएको थियो।

कार्यक्रममा अक्षयकोषका अध्यक्ष तथा पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभागका प्रमुख प्रा. ठान बहादुर क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सहप्राध्यापक भिमनाथ बरालले सञ्चालन गर्नुभएको थियो।

## महिला...

गरेपछि भियतनामले पेनाल्टी पाएको थियो। जसको सदुपयोग भियतनामकी कप्तानले गरिन् । यसैगरी खेलको ३८औँ मिनेटमा एनगुएन थि बिच थुएले गोल गरेपछि पहिलो हाफमा भियतनाम ३-० गोलअन्तरले अगाडि रह्यो। खेलको दोस्रो हाफमा भियतनामले दुई गोल थप्यो।

खेलको ४८औँ मिनेटमा थि लोनको क्रसमा कप्तान न्हुले हेडरमार्फत व्यक्तिगत दोस्रो गोल गरिन् । खेलको ७९औँ मिनेटमा नेपालकी सावित्राले एक गोल गरिन्। उनले सरु लिम्बूको पासलाई सदुपयोग गर्दै गोल गरिन्। त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा एनगुएन थिले गोल गर्दै भियतनामलाई ५-१ को जित दिलाइन्। एसियाली छनोटको समूह 'सी' मा रहेको नेपालले अब शनिबार भियतनामसँग दोस्रो खेल खेल्नेछ। यस समूहमा रहेका प्यालेस्टाइन र अफगानिस्तानले खेल नखेल्ने भन्दै नाम फिर्ता लिएपछि दुई टोलीको मात्र सहभागिता रहेको हो । यस समूहमा शीर्ष स्थान हीसल गर्ने टोली दोस्रो चरणमा पुग्नेछन्।

## किसान...

किसानका रुपमा वर्गीकरण गर्ने प्रदेश सरकारको योजना छ। भौगोलिकरुपमा देशकै ठूलो पोखरा महानगरभित्र झण्डै १५ हजार हेक्टरमा कृषि खेती हुँदै आएको छ। सबैभन्दा बढी ११ हजार दुई सय हेक्टरमा धान खेती हुन्छ। पाँच हजार बढी किसान कृषिमा आबद्ध रहेको महाशाखाले जनाएको छ । सहरी क्षेत्र भएकाले कृषि उपजलाई बजार र मूल्यको समस्या छैन । महानगरले किसानले घरै बसेर सेवा लिन मिल्ने 'पोखरा कृषि' मोबाइल एप्स पनि सञ्चालनमा ल्याएको छ।

# आर्थिक वृद्धिदर ४.१ र मुद्रास्फीति ७.४ प्रतिशत रहने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ चैत**

एसियाली विकास बैंक (एडिबी) ले सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर चार दशमलव एक प्रतिशतमा खुम्चने र मुद्रास्फीति सात दशमलव चार प्रतिशतसम्म पुग्ने प्रक्षेपण सार्वजनिक गरेको छ। "एसियन डेभलपमेन्ट आउटलुक, अप्रिल २०२३" प्रतिवेदनमार्फत् एडिबीले यस्तो प्रक्षेपण सार्वजनिक गरेको हो।

सन् २०२२ मा पाँच दशमलव आठ प्रतिशत अनुमान गरिएको नेपालको आर्थिक वृद्धिदर यसवर्ष थप खस्किने प्रक्षेपण गरिएको हो।

"कसिलो मौद्रिक नीति, घट्दो आन्तरिक बजार माग, अपर्याप्त कोभिड महामारी पुनरुत्थानका कार्यक्रम र विश्वव्यापी रूपमा देखिएका समस्याको असर नेपालको कूल गार्हस्थ्य उत्पादनको वृद्धिदरमा देखिनेछ", एडिबीले भनेको छ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# मिटरब्याज पीडितलाई नझुक्याऊ

मिटरब्याज पीडितहरू आफ्ना समस्या सुनाउन पैदलमार्च गरेर काठमाडौं आए । काठमाडौं आउँदा खुलामञ्चमा छिर्न पाएनन । हरेक ठाउँमा संघर्ष गर्दै आएका मिटरब्याज पीडितले वालुवाटारमा नाराबाजी गरेर पुगे । स्थानीय देखि प्रदेश सरकारले मिटरब्याज पीडितका समस्या सुन्नमा फुर्सद पाएनन । समस्याको गहिराइमा जान चाहेनन् । बल्लतल्ल काठमाडौं आएपछि संचार माध्यममा ठाउँ पाउने अवस्था आएपछि सरकारले वार्ता गर्न तयार भयो । वार्तामा १८ चैतमा मात्र सरकारले मिटरब्याज पीडितसँग पाँचबुँदे सहमति गरेको थियो । उक्त सहमतिलाई पनि उनीहरूले अपुरो भनेका छन् । त्यसमा उनीहरूको थप पाँचबुँदे माग छ । मिटरब्याजका नाममा भएका सबै प्रकारका लिखत मन्त्रिपरिषद्ले निर्णय गरेर अवैध घोषणा गर्नुपर्ने ।

मिटरब्याजलाई अपराध घोषित गरेर फास्ट ट्र्याकबाट कानून जारी गर्नुपर्ने । मिटरब्याज पीडित विरुद्ध अदालतमा चलिरहेका मुद्दाको सुनुवाइ स्थगित गर्दै फैसला भएका मुद्दाको पुनरावलोकन गर्नुपर्ने । मिटरब्याज पीडितका नाममा जारी भएका पक्राउ पुर्जी खारेज गर्नुपर्ने, जेल चलान भएकाको रिहाइ गर्नुपर्ने । मिटरब्याजसँग जोडिएका चेक बाउन्स मुद्दा खारेज गर्नुपर्ने र मिटरब्याजीको सम्पत्ति छानबिन गर्नुपर्ने छन ।

एकथरीसंग सम्झौता गरेको लगत्तै अर्कोथरीका आन्दोलन शुरु भएको छासरकारले ३ महिनाको म्याद दिएर आयोग गठन गर्ने निर्णय गरेको छ । आयोगको अध्यक्ष बनाएका विशेष अदालतका पुर्व अध्यक्ष गौरी बहादुर कार्कीले नसोधी राखेको प्रतिकृया दिएका छन । सरकारले समस्या समाधानका लागि भन्दा तर्काउन आयोग गठन गर्नेछ गरेको छात्यही भएर मागहरू पूरा नभएसम्म काठमाडौंको आन्दोलन नछाड्ने बताउदै आएका छन । सम्झौताका नाममा सरकारले हामीलाई सधैं झुक्याएको पीडितहरूको दुखेसो छ । गृह मन्त्रालयले भने १८ चैतमा भएको सहमतिले नै मिटरब्याज पीडितको समस्या समाधान हुने बताउँछ । अस्ति नै सहमति भइसक्यो । सरकारले त्यही अनुसार काम सुरु पनि गरिसक्यो । देशभरका मिटरब्याज पीडितको समस्या समाधान त्यही सहमति अनुसार हुने सरकारको दावी छ ।

काठमाडौंमा आन्दोलन गरिरहेका पीडितहरू भने मिटरब्याज समस्याका बारेमा जाँचबुझ गर्न बनाएको आयोगले काम सुरु गर्ने बेलासम्म आफ्नो उठीवास लाग्ने हो कि भनेर डराएका छन् । २० चैतमा सिंहदरबार अगाडि, २१ चैतमा बालुवाटार र २२ चैतमा बानेश्वरमा धर्ना कार्यक्रम गरेका पीडितहरू आफ्ना माग पूरा नभई घर नफिर्ने बताइरहेका छन् । 'घरबार सबै डुबिसक्यो घर गएर के गर्नु ?' पीडितको भनाइ छ । गृहमन्त्रालय भने आन्दोलनरत मिटरब्याज पीडितलाई घर गएर सरकारलाई सहयोग गर्न अनुरोध गरिरहेको छ ।

मिटरब्याज पीडितका समस्या समाधानका लागि बनाइएको आयोगका अध्यक्ष तोकिएका कार्कीले भने आयोगबारे आफूलाई सरकारले जानकारी नगराएको बताएका छन् । आयोग गठन तथा आयोगको काम, कर्तव्य र अधिकारको बारेमा आयोगमा राखिएकालाई औपचारिक जानकारी नदिइ गरिने प्रचारबाजी आँखामा छारो हाल्नु हो । पीडितलाई तत्काल राहत हुने गरी सरकारले काम गरेमा मात्र विश्वास जाग्नेछासरकारलाई कसैले विश्वास नगर्ने अवस्था आउनु दुर्भाग्य हो ।यो समस्यालाई सरकारले झारा टार्ने होइन समाधान गर्ने गरि काम हुन्छ भन्ने विश्वास दिलाउनु आवश्यक छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

सन्दर्भ सामग्री हनुमान जयन्ति

# "भगवान् रामका सेवक हनुमानको महिमा"

शिव प्रसाद गौतम



रामको चरित्र तथा किर्ति वर्णन भएको संस्कृत भाषामा वाल्मिकी ऋषि हिन्दीमा सन्त तुलसीदास र नेपालीमा आदिकवि भानुभक्तद्वारा रचित प्रसिद्ध काव्य ग्रन्थ रामायण हो । यसमा धेरै पात्रहरु छन् । राम नायक हुन् भने रावणले खल नायकको भूमिका निभाएको छ । रामायणमा धेरै पात्रहरु छन् । रामायण प्रसिद्ध रामभक्त एक वानर, वायुपुत्र, अञ्जनीकुमार वलवान, वीर, शक्तिशाली पात्र वीर हनुमान जी हुन् । हनुमानको अर्थ वीर पराक्रमी जस्तो सुकै कठिन भन्दा कठिन मात्र होइन महाकठिन काम पनि फत्ते गर्ने भगवान् हनुमान पर्दछन् । आज चैत्र २३ गते देवी पूर्णिमा, देवीयात्रा, हनुमान जयन्ति पर्वहरू परेका छन् । हनुमानजी देवीपूर्णिमामा जन्मनु भएको र आज यो पूर्णिमा परेकोले हनुमान जयन्ति श्रद्धा र भक्तिपूर्वक उहाँकोपूजा आराधना गरी मनाउने भक्तहरुको प्रचलन छ ।

हनुमानजीको पराक्रमको वर्णन गर्न हज्जार जिब्रा भएका शेष नागले पनि गर्न सक्दैनन् । मानिसले गर्न सक्ने कुरै छैन । रामभक्त श्रद्धालु भक्तजनहरुले श्रीराम, जानकी लक्ष्मण र हनुमानको पूजा एकै साथ गर्नुपर्दछ । भगवान रामको पूजा गर्दा यि चार पात्रलाई नगरी रामको मात्र गर्दा अधुरो र फलहिन हुन जान्छ । धर्मशास्त्रहरुले राम, सीता र लक्ष्मणलाई हनुमानजीले सेवकको रूपमा पाउमा परेको एउटै तस्विरमा राखिएको पाइन्छ । अर्थात् रामको पूजा गर्दा चारैको सँगसँगै पूजा गरिन्छ ।

हनुमान अतुलनीय बल भएका सुनको पर्वत जस्तो शरीर भएका, राक्षसरुपी बन जलाउन आगो रुप भएका, ज्ञानिहरुका अग्रपङ्तीमा रहेका सबै गुणले सम्पन्न भएका, वानर हरूका राज, भगवान् रामचन्द्रका प्रीय भक्त वायुपुत्र हनुमानलाइ आज हनुमान जयन्ति हामी सबै नेपालीले पूजा आराधना गरौं । हाम्रो कल्याण हनुमानजीले गर्ने छन् । अञ्जनाका प्यारा छोरा, वीर हनुमान सीताको शोक नास गर्नुहुने, रावणको छोरा अक्षयकुमारलाई मार्ने, वानरका राजा र लङ्कालाई एक्लैले आगो लगाएर रावणको सेखी झार्नु हुने हनुमान जीलाई आजजन्मजयन्तिका पावन अवसरमा कोटी कोटी प्रणाम छ । समुद्र सजिलै नाघेर नेपाल आमाको छोरी जनकपुत्री जानकीको शोकरुपी अग्निलाई लिएर त्यसैले रामभक्त विभिषणको दरवार बाँकी राखेर लङ्कालाई भष्म पार्नुभयो । यस्ता हजुरलाई विनम्रताका साथ हामी सबै नेपालीले दसऔला जोडी सभक्तिपूर्वक पूजा आराधना गरी सादर प्रणाम गर्दछौं ।

मनको गतिले हिड्न सकेन, वेगमा वायु तुल्य रहेका, सबै इन्द्रियहरुलाई वशमा राख्नु भएका वुद्धिमानहरुका विच अति श्रेष्ठ हुनुभएका वायुपुत्र वानर समुहका प्रधान र भगवान रामचन्द्रका दूत हामी सबै नेपाली हजुरको शरणमा पर्दछौं ।

जहा जहा भगवान रामको कीर्तन भजन हुन्छ, त्यहाँ त्यहाँ अञ्जुलीमा शिर राखी प्रणाम गर्ने, भक्ति भावनामा डुब्नाले आँसुरुपी पानीले सम्पूर्ण आँखा भिजेका र राक्षस नाश गर्ने यस्ता हनुमान जीलाई समक्ति पूर्वका सष्टाङ्ग दण्डवत प्रणाम छ ।

रावणले रामलाई तुच्च वचन बोल्दा हनुमानजीले रावणको सेखी झार्न रावणका अगाडि बोलेका कुरा यस प्रकार छन् -

यसरी किन बहुत गर्दछस् सेखी धेरै ।
प्रभु कन त पुरै राख जोरी छैनस् त मेरै ॥
अघि सरु त तँ जस्ता कोही रावण म मारु ।
हुकुम त न भयाको मार्न पो आज क्यारु ॥
(साभारः भानुभक्तिय रामायणबाट)



भगवान् रामचन्द्र र भगवती सीतालाई परेका आपत विपतमा हनुमानजीले जुन भक्ति भावले सहयोग र सद्भाव गर्नु भयो । यस्तो अलौकिक भक्ति र सेवा आज यो विश्वको सृष्टिमा विकल्पको रूपमा अर्को कुनै पनि धार्मिक ग्रन्थहरुमा यस्ता निस्वार्थी सेवक भेटिएका छैनन् । रावणले हरण गरेकी सीतालाई कसैले तर्न नसक्ने समुद्र तरेर सीतालाई भेटेर विपतमा परेका बेला सान्त्वना दिनु, इन्द्रजीतले मुर्छा पारे गर्नु न बाच्नु भएका लक्ष्मणलाइ पछाडि बोकेर ल्याए ।

सञ्जीवनी बुटी औषधि प्रयोग गरी लक्ष्मणलाई बचाउने काम गरे । उनको यो कार्यले भगवान् रामको शोकनास गर्नु हनुमान जीको महान कार्य हो । त्यसैले आज पनि हनुमान जीलाई श्रद्धा भक्ति पूर्वक पूजा आराधना गरिन्छ ।

ॐ श्री परमत्मिन नमः

# लयमा फर्किदै घलेगाउँका घरबास

रासस
लमजुङ, २२ चैत

क्होलासोथर गाउँपालिका-३ स्थित घलेगाउँ घरबासमा पर्यटक आउन थालेका छन् । समुद्री सतहदेखि दुई हजार एक सय मिटर उचाइमा रहेको प्राकृतिक छटाले भरिपूर्ण सो स्थानका घरबासमा गर्मी लागेसँगै अहिले दैनिक ४०/५० पर्यटक आउन थालेका हुन् । जाडो बढेसँगै घरबास सुनसान थिए ।

ग्रामीण घलेगाउँ पर्यटन व्यवस्थापन समितिका कार्यालय सचिव दीर्घराज घलेले भन्नुभयो, "जाडोयाम बढेसँगै सुनसान जस्तै बनेको यहाँको घरबासमा यतिबेला बिस्तारै पर्यटक आउन थालेका छन् ।" दैनिकजसो ३० देखि ५० र शुक्रबार, शनिबार तथा बिदाको समयमा एक सय जनाभन्दा बढी पर्यटक आउने गरेको उहाँको भनाइ छ । वितगमा दैनिक तीन सयदेखि पाँच सय जनासम्म पर्यटक आउने गरेको र आगामी दिनमा पनि सोही हाराहारीमा आउने अपेक्षा यहाँका घरबास सञ्चालकहरूले गरेका छन् । यहाँ पर्यटकीय 'सिजन'मा प्रतिघबासले ५० हजारभन्दा बढी आम्दानी गर्ने गरेका छन् ।

यसअघि पर्यटक नआउँदा फुर्सदिला बनेका यहाँका घरबास सञ्चाल अहिले पर्यटक आउन थालेसँगै पर्यटक सत्कारमा व्यस्त हुन थालेको घरबास सञ्चालक हेमकुमारी गुरुङको भनाइ छ । उहाँले भन्नुभयो, "यहाँका घरबास सञ्चालकहरूलाई दुई-चार पैसासमेत दैनिकजसो आम्दानी हुन थालेको छ । विसं २०५७ बाट सञ्चालनमा आएको यस घरबासमा यतिबेला ४४ घरमा घरबास सञ्चालनमा रहेका छन् । तीन सयजना एक रातमा बास बस्न सक्नेछन्, साथै यहाँ दुईवटा होटलसमेत सञ्चालनमा रहेका छन् । घरबासमा पुगेका पर्यटकका लागि सत्कारसँगसँगै आफ्ना कला, वेशभूषा, संस्कार, संस्कृति जोगाइराख्न जुटेका उनीहरूहरूको जातीय पहिचानसहित सांस्कृतिक नृत्यसमेत प्रस्तुत हुने गर्दछ । तत्कालीन सरकारको परराष्ट्रमन्त्री स्तरीय सार्क बैठकले नेपाल सरकारको पहलमा घलेगाउँलाई सार्क राष्ट्रकै नमूना ग्रामीण पर्यटन गाउँका रूपमा घोषणा गरेको थियो ।

नेपाल आदिवासी जनजातिमध्ये गुरुङहरूको उद्गमथलो तथा घलेराजाले अन्तिम राज्य सञ्चालन गाउँ हो । यस गाउँमा करिब एक सय ३५ घरधुरी रहेको छ । यहाँबाट आठ हजार एक सय ६३ मिटर उचाइको मनास्लु हिमाल, सात हजार आठद सय ३५ मिटरमा रहेको डादीचुली (डा हर्क हिमाल), सात हजार नौ सय ३५ मिटर उचाइको अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल (चौथो), ६ हजार नौ सय ६३ मिटर उचाइको माछापुच्छ्रे हिमाल, सात हजार आठ सय ९३ मिटर उचाइको हिमालचुली, ६ हजार नौ सय ८६ मिटर उचाइको लमजुङ हिमाल र ६ हजार ६ सय ७२ मिटर उचाइको बुद्ध हिमाल देखिन्छ । यहाँ घलेराजामध्ये अन्तिम घलेराजा ज्याल्बु रुजा क्लेको सालिकसमेत देख्न सकिन्छ । यहाँ आउने पर्यटकलाई घरबास सञ्चालकहरूले गाउँघरमै उब्जाइएका अर्गानिक धान, मकै, कोदो, भटमास, रायोको साग, सिस्नोको खोले, लोकल कुखुरा, खसीबोका, भेडाको मासु लगायतको परिकार खुवाउने गर्दछन् । घरबासमा आएका पर्यटकहरूलाई सत्कारसँगसँगै आफ्ना कलासंस्कृति जोगाई राख्न जुटेका गुरुङसेनीहरूको जातीया पहिचानसहित कृष्ण चरित्र, लामा, सोरठी, घ्याब्रे, पच्चु, झ्याउरे, चुट्का, झ्याँक्री, सेर्गा लगायतका लोपोन्मुख सांस्कृतिक नृत्यसमेत प्रस्तुत हुने गर्दछ । गाउँमा आएका पर्यटकलाई स्वागत तथा सम्मान र बिदाइमा सेतो टीका, फूल, फूलको माला, गुच्छा र खादा चढाइन्छ । पर्यटकलाई गुन्द्रक, मकै, भटमास, कोदोको सेलरोटी, चिया लगायतका परिकार खुवाइन्छ । पर्यटकका लागि गुरुङ संस्कृति झल्किने गीत तथा नाच प्रस्तुत गरी भरपुर मनोरञ्जन दिलाइन्छ । पाहुना तथा पर्यटकलाई समाज घरमा लगेर गुरुङ संस्कारमा आधारित कृष्णचरित्र नाच, घाँटु, घ्याब्रे, लामा, सोरठीलगायत विभिन्न परम्परागत नृत्यहरू प्रस्तुत गर्नु घलेगाउँवासीको परम्परा हो ।

घलेगाउँमा प्रतिव्यक्ति एक रातको रु एक हजार दुई सय ५० शुल्क लिइन्छ । सो रकम तिरेबापत एक रात सुत्न तथा एक छाक मांसाहारी र शाकाहारी भोजन पाइन्छ । साथै बिहानको खाजामा चिया, कोदोको सेलरोटी, तरकारी र अण्डा पर्यटकले प्राप्त गर्छन् । यस गाउँमा पैदल यात्रा गरेमा करिब ६ घण्टा समय लाग्दछ भने काठमाडौंबाट तनहुँको डुम्रेबजार हुँदै बैंसीसहरसम्मको एक सय ७२ किमी र प्रदेश राजधानी पोखरादेखि बैंसीसहरसम्म एक सय १० किमीको दूरीमा रहेको छ । त्यस्तै बैंसीसहरबाट घलेगाउँ पुग्न २४ किमी यात्रा गर्नुपर्छ । घलेगाउँसम्म पुग्ने सडक पूर्वाधार विकास भइरहेको छ ।

**बिमालेख हरायो**

लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड बाट जारि गरिएको निम्न लिखित बीमालेख पोखरा १६ महेन्द्रगुफा देखि बगरसम्म आउँदा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले निम्न लिखित ठेगानामा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं।

| नाम | बीमालेख न. |
|---|---|
| सन्तोष गुरुङ | १३००४२१६४ |

लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड
फोन न. ९८४६०६६५९५

# ट्र्याक्टरले किच्दा युवकको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २२ चैत

बागलुङमा ट्र्याक्टरले किच्दा एक युवकको मृत्यु भएको छ ।

गलकोट नगरपालिका-११ रिघा मनेवामा ट्र्याक्टरले किच्दा पूर्वी नवलपरासी घर भई मनेवा मामाघर आएका २३ वर्षीय दिपेश सलामीको ज्यना गएको हो ।

बडिगाड गाउँपालिका-२ खर्बाङ बजारबाट गलकोट नगरपालिका-३ हटियाबजार आउँदै गरेको ध१त ६०९ नंको ट्र्याक्टर मध्यपहाडी लोकमार्गबाट खस्दा च्यापिएर सलामीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी निरीक्षक राजाराम खड्काले जानकारी दिनुभयो ।

ट्र्याक्टर लोकमार्गदेखि १५ मिटर तल होमबहादुर सिंजालीको घरमाथि खसेको थियो । घरमाथि खसेको ट्र्याक्टरले च्यापिँदा सलामी घाइते भएको र उद्धार गर्दागर्दै मुत्यु भएको खड्काले बताउनुभयो ।

ट्र्याक्टर चालक गलकोट नगरपालिका-९ मा बस्दै आएका २३ वर्षीय डिक्सन पुनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । ट्र्याक्टरले पार्किङ गरी राखिएको लु६३प ९०९ नंको स्कुटर च्याप्दा पूर्णरूपमा क्षति भएको छ ।

**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. २२, पुम्दीभुम्दी कालाबाङ घरेडी गाउँको सिरान चक्रहाल्ने डाँडामा बुद्ध पार्क वनाउने सिलसिलामा बुद्धको मुर्ति राख्ने आधारवेस निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : पुम्दीभुम्दी पर्यटन पूर्वाधार निर्माण
**उपभोक्ता समिति**: पुम्दीभुम्दी पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समिति, पोखरा-२२, पुम्दीभुम्दी
**सम्झौता मिति** : २०७९/८/२१ गते
**योजना सुरू मिति** : २०७९/८/२२ गते
**योजना सम्पन्न हुने मिति** : २०८०/०१/३० गते
**योजना सम्पन्न भएको मिति** : २०७९/१२/१५ गते
**योजनाको कुल लागत** : रु. २३,५३,२१५/६५
**महानगरपालिकाबाट प्राप्त** : रु. २०,००,०००/-
**जन श्रमदानबाट** : रु. ३५३२१५/६५

**याम बहादुर गुरुङ**
अध्यक्ष
**पुम्दीभुम्दी पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समिति**
पोखरा-२२, पुम्दीभुम्दी, कास्की

# यचु हेयर आयलको पोखरामा शुभारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत



एमडिआर इण्डष्ट्रिजको उत्पादन रहेको यचु हेयर आयलको पोखरा शाखाको शुभारम्भ भएको छ।

बुधवार पोखराको चिप्लेढुँगामा रहेको यू.एफ.ओ. भवनमा रहेको यचुको पोखरा महनगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानी र यचु हेयर आयलका अध्यक्ष उज्वल मानन्धरले संयुक्त रुपमा शुभारम्भ गरेका हुन्।

शुभारम्भको अवसरमा आफ्नो भनाई राख्दै मर्सानीले आयुर्वेदिक तरिकाले नेपालमै उत्पादन भएको हुदा तेलको महत्व बढेको बताए। हरेक नेपाली उत्पादन लाई सबैले प्रयोग गर्नुपर्नेमा उनको जोड थियो। पोखरा शाखा कार्यालयका दुर्गेशमान श्रेष्ठले शुभारम्भको अवसरमा एक हप्तासम्म कम्पनीको हेयर ट्रीटमेण्टको टोली पोखरामा रहेर सेवा प्रदान हुने बताए। १ हप्ताको समयमा यचुका पुराना प्रयोगकर्ताका लागि निःशुल्क क्याम्प पनि सञ्चालन गर्ने उनको भनाई थियो। यचु हेयर आयलका अध्यक्ष उज्वल मानन्धरले तेल बिशुद्ध नेपाली उत्पादन भएको र नेपालमै पाइने विभिन्न जडिबुटीजन्य तथा तेलजन्य कच्चापद्धार्थबाट केमिकलरहित तरिकाले उत्पादन हुने हुदा तेलका फाइदा धेरै रहेको बताए। पछिल्लो समयमा शहरी क्षेत्रका व्यक्तिहरुमा कपाल सम्बन्धि समस्या धेरै रहेको हुँदा कम उमेरमै कपाल झर्ने समस्या, तालु हुने समस्या तथा कपालमा चाँया पर्ने समस्यालाई मध्यनजर गर्दै आयुर्वेदिक तरिकाले नेपालमै लामो समयदेखि प्रयोगमा रहेको विधीबाट यो तेल उत्पादन गर्न शुरु गरिएको उनको भनाई थियो। यचुको मुख्य कार्यालय काठमाण्डौको स्वयम्भुमा रहेको छ। काठमाण्डौंको पानीपोखरी र जोरपाटी तथा चितवनको हाकिमचोकमा पनि यचुको शाखा बिस्तार भएको छ।

# जन्मदिनको उपलक्ष्यमा अनाथालयमा रहेकालाई भोजन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत



पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. १ कार्कीनेटा घर भई हाल पोखरा-१७ विरौटा बस्दै कमला श्रेष्ठले मानव सेवा आश्रम छोरेपाटनमा रहेका ७५ जना अनाथहरुलाई विहानको खाना खुवाएकी छन्।

आज परेको उनको जन्मदिनको अवसरमा विविध कारणबाट अनाथ बन्नुपरेका ७५ जनालाई खाना खुवाउदा आफुलाई छुट्टै खुसीको अनुभव रहेको उनले बताइएन।

सहयोगी श्रेष्ठले उक्त कार्यक्रममा बोल्दै हामीले फजुल खर्चलाई कटौती गरेर केही रकम सामाजिक संघ संस्था तथा अनाथ रहेका जो कोहीलाई सहयोग गर्ने, बृक्षारोपण गर्ने जस्तो सामाजिक कार्य गर्न सकेमा विशेष दिन उत्सवको रुपमा रहने बताइन्। "हामीले जन्मदिन जस्ता महत्वपूर्ण दिनहरुमा गरिने फजुल खर्चलाई समेटेर सानो रकमबाट पनि धेरै जनाको १ छाक खाना खुवाउन सकिने रहेछ। भोको पेट र नाङ्गो शरिरलाई छोप्नको लागि त्यस्ता रकमले कसैलाई खुसी बनाउन सकिने रहेछ। मेरो फरक अनुभव रह्यो म अत्यन्तै खुसी छु, मैले प्राय मेरो महत्वपूर्ण दिनमा कुनै मठ, मन्दिरमा पुजा र केही रकम सहयोग गर्दै आए, कहिले साथीहरुले खुसी साटे तर आज प्रत्यक्ष दिदी तथा आमाहरु सँग खुसी साट्दा छुट्टै खुसीको आनन्द मिल्यो।" उनले भनिन्। त्यसैगरी सञ्चारकर्मी पदम श्रेष्ठले जन्मदिन जस्ता महत्वपूर्ण समयमा अनावश्यक रुपमा खर्च गर्नु भन्दा समाजलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने गरि विशेष काम गर्न सकेमा त्यसले जिवन्तसम्म प्रभाव पार्ने जानकारी गराएका थिए।

"मानव जीवनलाई थप प्रभावकारी र उदाहरणीय बनाउन व्यक्ति स्वयम् लागि पर्नुपर्ने बताउँदै उनले भने, आफ्नो जिवनलाई खुसी, सुखी र निरोगी बनाई स्वर्गको अनुभव गर्ने कि ? र दुःखी बनाएर नर्कको अनुभव गर्ने ? त्यसको जिम्मेवारी भगवानले स्वयम् व्यक्तिलाई दिएका छन्। धनले केवल भौतिक सुख पाउन सकिएला तर मनलाई सुखी बनाउन सामाजिक व्यक्ति नै बन्नुपर्छ," उनले भने।

छोरेपाटनमा रहेको आश्रममा हाल ७ जना कर्मचारीहरुले व्यवस्थापनमा सहजीकरण गर्दै आइरहेका छन्, मासिक १ लाख भाडा तिर्दै आइरहेको आश्रममा छिट्टै नै पोखरा-२५ हेमजा रहेको सहयोगी बाट प्राप्त करिब ६३ रोपनी जग्गामा मानव सेवा आश्रम सञ्चालन गरिने मानवसेवामा समर्पित अभियन्ता सम्झना बतौलाले जानकारी गराइन। अभियन्ता बर्तौलाले फजुल खर्चलाई घटाएर आफुले दिनको १ गिलास चियालाई सामाजिक कार्यमा लगानी गरेमा त्यसले विभिन्न कारणबाट अनाथ बन्नुपरेकाहरुको लागि बरदान मिल्ने भनाइ रहेको थियो। मानव सेवा आश्रम छोरेपाटनमा हाल करिब १२ वर्ष देखि ८५ वर्ष सम्मा ७५ जना महिला दिदीबहिनीहरु रहेका छन्। उनिहरुलाई गण्डकी प्रदेश सरकारले प्रति व्यक्ति ४ हजार रकम सहयोग गर्दै आइरहेको छ भने बाँकी रकम सहयोग दाताबाट संकलित रकमले आश्रम चलाइदै आएको पाइएको छ।

आश्रममा रहेका मध्ये ५१ जना मानसिक रोगको समस्यामा रहेका छन् भने २३ जना अन्य दिर्घकालिन रोगको समस्याबाट ग्रसित रहेका छन्। उनिहरुलाई स्वास्थ्य विज्ञान प्रतिष्ठन (गण्डकी हस्पिटल) र जिएमसी हस्पिटलले निःशुल्क स्वास्थ्य उपचार गर्दै आइरहेको छ। हेमजामा रहेको मानव सेवा आश्रम भवन निर्माणको लागि नेपथ्य ब्याण्डले देशका १० शहरमा कन्सर्ट गर्दै सहयोग रकम संकलन गरेको थियो भने केही समय अगाडि हेमजामा बृहत महायज्ञ गरिएको थियो।

सहयोगी श्रेष्ठ कार्कीनेटा सम्पर्क समाज पोखरालगायत विभिन्न सामाजिक संघ संस्थामा आवद्ध समेत रहेकी छिन्।

# कास्कीमा पशु चौपायामा खोप प्रभावकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

कास्की जिल्लामा पशु चौपायामा लागू गरिएको खोप कार्यक्रम प्रभावकारी बनेको छ। पशुमा लाग्ने रोग सङ्क्रमण नियन्त्रण गर्ने उद्देश्यका साथ गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ देखि पूर्णखोप लगाउने व्यवस्था गरेकामा हालसम्म विभिन्न क्षेत्रमा गरी दुई लाख १८ हजार सात सय खोप लगाइएको छ। भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीका प्रमुख डा शम्भुराज पाण्डेका अनुसार गत वर्ष मात्र गाई, भैँसी र बङ्गुरमा मात्र ९४ हजार चार सय एक खोप लगाइएको छ। गाई-भैँसीमा नै हुने भ्यागुते र चरचरेविरुद्ध २६ हजार तीन सय ७१ खोप लगाइएको छ भने बङ्गुरका स्वाइनफिबरका लागि करिब १५ हजार खोप लगाइएको छ। त्यस्तै भेडाबाख्रामा हुने पिपिआर रोग नियन्त्रणका लागि झन्डै ७७ हजार र रेबिजविरुद्ध ६१ हजारभन्दा बढी खोप लगाइएको डा पाण्डेले जानकारी दिनुभयो। खोप लगाउन गाउँ-गाउँमा 'किसान सचेत कार्यक्रम' सञ्चालनमा छ। 'हेम्जा गाई फार्म'का सञ्चालक घनश्याम तिमिल्सिनाले प्रभावकारी रहेकाले खोरेतविरुद्धको खोप दुईपटक र अन्य एकपटक लगाउने नीति सरकारले लिनुपर्ने बताउनुभयो। कार्यालयका पशु विकास अधिकृत सहदेव पौडेलले पशुधनको क्षति न्यूनीकरण हुने र राष्ट्रिय उत्पादनमा टेवा पुग्ने उल्लेख गर्दै यस वर्षको पूर्णखोप कार्यक्रम पोखरा महानगरपालिकाबाट सुरु भइसकेको र अन्य गाउँपालिकामा किसानलाई अभिमुखीकरण गरिएको जानकारी दिनुभयो। भेडाबाख्राका लागि पिपिआर खोप चलिरहेको छ। सबै किसिमको खोप गाउँपालिकामा पुऱ्याउने उहाँको भनाइ छ।

# 'इको पदमार्ग' मा चहलपहल बढ्दै

**पोखरापत्र संवाददाता**
पर्वत, २२ चैत

कोरोना सङ्क्रमणका कारण सुनसान जस्तै बनेको अन्नपूर्ण धौलागिरि इको पदमार्गमा चहलपहल बढ्न थालेको छ।

पर्वत र म्याग्दी जिल्लाका ग्रामीण बस्तीहरूलाई समेटेर विगत एक दशकअघिदेखि सञ्चालनमा आएको सो 'इको पदमार्ग'मा यात्रा गर्ने पर्यटकको सङ्ख्यामा वृद्धि हुन थालेको हो। पर्वतको जलजला गाउँपालिकाको वारीवेनीदेखि यात्रा सुरु हुने यो पदमार्गमा दैनिक ३०/४० जना आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको स्थानीयवासीको भनाइ छ। सन् २०११ अक्टोबरदेखि सञ्चालनमा आएको यो पदमार्ग पर्वतको वारीवेनी हुँदै म्याग्दीको घुमाउनेतालदेखि सुरु भएर पर्वतको बाँसखर्क, डाँडाकटेरी, नागी, मोहोरेडाँडा, टिकोट हुँदै पाँच दिनपछि म्याग्दीको तिप्ल्याङमा पुगेर टुङ्गिन्छ।

कतिपय बाह्य पर्यटकहरूले भने यो पदमार्गलाई लम्ब्याएर टिकोट हुँदै खिवाङदेखि स्वापसम्म पुगेर फर्किने गरेका छन्। कोरोनाका कारण दुई वर्ष सुनसान जस्तै बनेको यो पदमार्गमा गत वर्षदेखि बिस्तारै पर्यटकहरू आउन थालेको स्थानीय जगत पाइजाले बताउनुभयो। यो क्षेत्रको पर्यटन विकासका लागि तत्कालीन अवस्थामा लघु उद्यम विकास कार्यक्रमले युएनडिपीको सहयोगमा जिल्लास्थित लघु उद्यम सम्बद्ध सङ्घसंस्थाहरूसँग सहकार्य गरेर विभिन्न सामुदायिक लज तथा होमस्टेको प्रबन्ध मिलाइएको छ।

लघु उद्यम विकास कार्यक्रमले जिल्लाको जलजला गाउँपालिका-१ बाँसखर्क र वडा नं ५ लेखफाँटको डाँडाकटेरीमा सामुदायिक लज निर्माण गरेको छ। तत्कालीन अवस्थामा लघु उद्यम विकास कार्यक्रमको रु सात लाख, स्थानीय गाविसको रु एक लाख समुदायको झण्डै एक लाख गरी रु नौ लाखको लागतमा सामुदायिक लज निर्माण भएका थिए।


## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०७९/१२/२३)**

**जिल्ला नवलपरासी (ब.सु.पू) गैडाकोट न.पा.–१८, स्थित श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दीमा रहेको साल गोलिया थान ४५ को ३८१.३१ क्यू. फि. र साल चिरान थान ३२७ को ४५७.३१ क्यू.फि. साथै साल दाउरा २ चट्टा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनि प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियम अनुसार सुचिकृत भएका स:मिल/भेनियर/प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिन दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्र्पक राख्न सकिने छ।**

**श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समुह**
**गैडाकोट न.पा.–१८, नवलपरासी (व.सु.पू)**


# चैते धानखेती घट्दै

**– रामबहादुर थापा**
गण्डकी, २२ चैत

गण्डकी प्रदेशमा एकै वर्षमा एक हजार सात ३५ हेक्टर चैते धानखेतीको क्षेत्रफल घटेको छ। आर्थिक वर्ष २०७८/७९ मा सात हजार छ सय पाँच हेक्टरमा चैते धानखेती हुँदै आएकामा अघिल्लो हिउँदमा भने किसानले जम्मा पाँच हजार आठ सय ७० हेक्टरमा चैते धान लगाएका थिए।

चैते धानखेतीको क्षेत्रफल घटेसँगै उत्पादनमा पनि गिरावट आएको छ। प्रदेशको कृषि विकास निर्देशनालयका अनुसार आव २०७८/७९ मा ३२ हजार सात सय ७३ मेट्रिक टन धान फलेकामा चालु आवमा उत्पादन घटेर २७ हजार चार सय ३७ मेट्रिक टन पुगेको छ। वर्ष दिनको अन्तरमा १६ दशमलव २८ प्रतिशतले चैते धानको उत्पादन घटेको हो। धानको उत्पादकत्वमा भने अघिल्लो आवको तुलनामा आठ दशमलव ४६ प्रतिशतले वृद्धि भएको पाइएको छ। आव २०७८/७९ मा प्रतिहेक्टरमा चार दशमलव ३१ मेट्रिक टन उत्पादन भएकामा चालु आवमा चैते धानको उत्पादकत्व प्रतिहेक्टर चार दशमलव ६७ छ। कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले जिल्लामा जम्मा १० हेक्टर क्षेत्रफलमा मात्र चैते धानखेती हुने गरेको बताउनुभयो। पछिल्लो समय चैते धानप्रति किसानको आकर्षण घट्दै गएको उहाँको भनाइ छ।

प्रदेशका अरु जिल्लामा पनि चैते धानखेतीमा ह्रास आइरहेको छ। "चैते धान भित्र्याउने बेला वर्षात्को याम पर्ने भएकाले पनि किसानलाई मर्का पर्ने गरेको छ, पानीमा भिजेको धान बेच्न समस्या हुन्छ, पराल पनि बिग्रन्छ", प्रमुख भट्टराईले भन्नुभयो, "किसानले पछिल्लो समय चैते धानको सट्टा तरकारीलगायत नगदे बाली लगाउन थालेका छन्।" चैते धानमा 'सिएच' ४५, चैते-२, चैते-६ लगायतका जातको खेती हुँदै आएको उहाँको भनाइ छ। बाह्रैमास सिँचाइ सुविधा भएको ठाउँमा मात्र किसानले चैते धान लगाउने गरेका छन्। तराईदेखि उच्च पहाडसम्म चैते धान फल्छ। किसानले चैतमा रोपेपछि असारमा धान भित्र्याउँछन्। चैते धानको उत्पादन बर्खेको भन्दा दोब्बर हुने भए पनि बर्सेनि खेती हुने क्षेत्रफल भने घट्दै गएको छ। सिँचाइ असुविधा, गुणस्तीय बीउ, मलको अभाव, किसानले धानको उचित मूल्य नपाउनु, हावापानीको समस्या, घरघडेरीका नाममा उब्जाउ जग्गा नासिनु आदि कारणले चैते धानखेती घट्दै गएको हो। निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले चैते मात्र नभएर समग्र धानखेतीको क्षेत्रफल बर्सेनि घट्दै गएको उल्लेख गर्नुभयो। 'प्लटिङ', तीव्र बजारीकरण, ठुल्ठूला भौतिक निर्माण आदिका कारण खेतीयोग्य जग्गा खुम्चँदै गएको उहाँको भनाइ छ। जग्गा बाँझिने क्रम पनि बढ्दै गएको निर्देशनालयका प्रमुख रेग्मीले बताउनुभयो। धान कम फल्नुमा क्षेत्रफल घट्नु मुख्य कारण भए पनि अन्य कुराले पनि उत्पादनमा प्रभाव पार्ने उहाँको भनाइ छ। बेलैमा मल, बीउ नपाउँदा पनि धानखेतीमा असर पर्ने गरेको किसान बताउँछन्। धानमा फूल खेल्ने समयमा वर्षात् हुँदा पनि उत्पादनमा क्षति पुग्ने गरेको छ। रोग, कीरा नियन्त्रण, उन्नत बीउ, मल व्यवस्थापनमा किसानले सधैँ चुनौती व्यहोर्दै आएका छन्। निर्देशनालयका अनुसार गण्डकी प्रदेशमा समग्र धान (बर्खे र चैते) उत्पादनमा गत वर्षको तुलनामा तीन दशमलव ७४ प्रतिशतले कमी आएको छ। गत वर्ष चार लाख छ हजार तीन सय ३६ मेट्रिक टन धान फलेकामा चालु आवको उत्पादन जम्मा तीन लाख ९१ हजार एक सय २१ मेट्रिक टन छ। अघिल्लो वर्ष एक लाख १२ हजार दुई सय २७ हेक्टरमा धान लगाइएकामा यस वर्ष क्षेत्रफल घटेर जम्मा एक लाख छ हजार तीन सय ८० हेक्टर धानखेतीले ओगटेको छ। गण्डकी प्रदेशमा बागलुङको गलकोट, बलेवा, ग्वालीचौर, गोरखाको पालुङटार, कास्कीको लेखनाथ, स्याङ्जाको आँधीखोला किनार, वालिङ, तनहुँको भिमाद, नवलपपुरको त्रिवेणी, मध्यविन्दु, पर्वतको फलेवासलगायत बढी धान उत्पादन हुने क्षेत्र हुन्।

# मुस्ताङमा स्वास्थ्यकर्मी सम्मानित

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २२ चैत

हिमाल पारिको जिल्ला मुस्ताङमा जिल्ला अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई आज एक कार्यक्रमबीच सम्मान गरिएको छ। घरपझोङ गाउँपालिका-२ स्थित मार्फा फलफूल तथा तरकारी प्रशोधन केन्द्रको पहलमा उनीहरुलाई सम्मान गरिएको हो।

सो अवसरमा जिल्ला अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा विशाल तिवार ीसहित नौजना स्वास्थ्यकर्मीलाई सम्मान गरिएको हो। सम्मानित हुनेमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा विशाल तिवारी, डा मुखिया घले, डा तेजेश कुमार, डा कृष्ण भरखेर, डा शिशिर पौडेल, डा कुन्दन कर्ण, स्टाफ नर्स कल्पना बस्याल, अहेव कौशिला चौरासिया र कार्यालय सहयोगी सनिलाल परियार हुनुहुन्छ। गत भदौ १ मा जिल्ला स्वास्थ्य कार्यालयमा पहिलोपटक शल्यक्रियाको शुभारम्भ भएपछि चिकित्सकहरुले एक गर्भवतीको सफल शल्यक्रिया गरेका थिए।

मार्फा फलफूल तथा तरकारी प्रशोधन केन्द्रकी सञ्चालक सुकुनदेवी रसाईलीले उक्त शल्यक्रियापछि आमा र बच्चा दुवैको स्वास्थ्य अवस्था राम्रो रहेको बताउनुभयो।

"यहाँका चिकित्सकले यहाँ पहिलो पटक सफल शल्यक्रिया गरेकोमा हामी निकै खुसी छौँ", उहाँले भन्नुभयो, "चिकित्सकहरुले जिल्लाको इज्जत राख्नुभएकाले सम्मान गरिएको हो।" घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले अस्पतालमा शल्यक्रियाको काम सुरुआत भएको बताउँदै आगामी दिनमा व्यवस्थित अस्पताल भवन निर्माण सँगसँगै थप सेवा र सुविधायुक्त बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो। मुस्ताङका पाँचवटै गाउँपालिकाको समन्वयमा जिल्ला अस्पतालको स्तरोन्नतीका लागि केही पहल गरेको उल्लेख गर्दै उहाँले बजेट अभावका कारण अपेक्षित काम गर्न नसकिएको बताउनुभयो।

कार्यक्रममा मुस्ताङ जिल्ला अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा विशाल तिवारीले यस सम्मानले आगामी दिनमा अझ राम्रो काम गर्ने हौसला प्राप्त भएको बताउनुभयो। जनताको अवस्थालाई मध्यनजर गर्दै जटिलभन्दा जटिल समस्यासँग पनि जुध्न पनि आफूलाई उत्प्रेरण प्राप्त भएको उहाँको भनाइ छ।

हाल दुर्गम क्षेत्रमा जटिल समस्या आइपरेमा हेलिकोप्टरमार्फत सेवा दिने व्यवस्था भए पनि ती सेवा जनतासम्म पुग्न नसकेको भन्दै उहाँले गुनासो गर्नुभयो। जिल्ला समन्वय समितिका प्रमुख माया गुरुङले स्वास्थ्य क्षेत्र अत्यन्तै जटिल भएको बताउनुभयो। उहाँले स्वास्थ्य क्षेत्र अझ व्यवस्थित बनाएर लैजान हरेक तह र तप्कासँग आफूहरुले सहकार्य गरिरहेको बताउनुभयो।